नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

(.........................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२

चलनी नं.:- २५८

मिति: २०८१/०५/३०

विषयः <u>दुधकोशी-६ जलविद्युत आयोजना (१७१ मे.वा.) को २२० के.भी. (डबल सर्किट) विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।</u>

श्री सगरमाथा हाइड्रोपावर प्रा. लि.,
का.म.न.पा.-२८ कमलादी।
सम्पर्क फोन नं. ०१-४४२६७२६, ०१-४४३८३८८

उपरोक्त सम्बन्धमा तँहाबाट मिति २०८१/०५/०७ (दर्ता नं. ९२८) मा दुधकोशी-६ जल विद्युत आयोजना (१७१ मे.वा.) को २२० के.भी. (डबल सर्किट) विद्युत प्रसारण लाईन आयोजना को विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि दिएको दरखास्त उपर कारबाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु ३५ (पैतिस) दिनभित्र पेश गर्नुहुन विभागको (महानिर्देशकस्तर) मिति २०८१/०५/२७ निर्णयानुसार अनुरोध छ।

<u>तपशिलः</u>

१) नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको स्थलरुप नक्शा।

२) प्रवर्धक कम्पनी संस्थापनाको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, उद्योग दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्रको प्रमाणित प्रतिलिपिहरु।

३) विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) तथा कनेक्सन एग्रिमेन्टको प्रमाणित प्रतिलिपि।

४) कम्पनीको प्राविधिक क्षमता प्रमाणित गर्ने कागजात तथा विवरण।

५) परामर्शदातृ संस्थाको प्रवन्धपत्र तथा नियमावली र संस्थाको सान्दर्भिक अनुभव खुल्ने कागजातहरुको प्रमाणित प्रतिलिपि तथा अध्ययण कार्यमा प्रत्यक्षरुपमा संलग्न हुने प्राविधिकहरुको विवरण (Biodata)।

६) प्रस्तावित २२० के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/ नपर्ने तथ्यको विवरण।

५।३०

.........................
(महेन्द्र साह सोनार)
इन्जिनियर